तानसेन नगरपालिका

# आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

(२०७९ साल असार ५ गते)

तानसेन नगरपालिका, पाल्या

लुम्बिनी प्रदेश, नेपाल

**गरिमामय यस एघारौं नगरसभाका सदस्यज्यूहरू**
**सञ्चारकर्मी महानुभावहरू**

१. नेपाली जनताको पटक-पटकको वलिदानीपूर्ण संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका क्रममा विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । लोकतन्त्र, राष्ट्रियता, जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुमा उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको आर्थिक, सामाजिक, राजनैतिक रुपान्तरणमा सहयोग पुऱ्याउनु हुने सबैको योगदानको उच्च मूल्याङ्कन गर्दै म हार्दिक सम्मान प्रकट गर्दछु ।

२. गणतन्त्रात्मक व्यवस्था कार्यान्वयनसँगै तानसेन नगरपालिकाको दोस्रो कार्यकालका जनप्रतिनिधिहरुद्वारा तयार गरिएको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ । तानसेन नगरपालिकाको विकास र समृद्धिको लागि हामीले नगरवासीसामु गरेको प्रतिवद्धताप्रति विश्वास गरी नगरको नेतृत्वदायी जिम्मेवारी प्रदान गरेकोमा म सम्पूर्ण नगरबासीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

३. नेपालको संविधानको भाग १७ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७९/०८० को तानसेन नगरपालिकाको नीति तथा कार्यक्रम आज यस गरिमामय एघारौं नगरसभा समक्ष पेश गरेको छु । आगामी आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा वस्तुगत धरातल र स्रोत साधनको सन्तुलन हुनेगरी तर्जुमा गरिएको छ ।

**सभाका सदस्यज्यूहरू**

४. चालु आर्थिक वर्ष २०७८/०७९ को लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका छौं । चालु आ.व.का लागि पारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको अवस्था समीक्षा गर्दा समष्टिगत योजना र कार्यक्रमहरुको उपलब्धी सन्तोषजनक रहेको छ ।

५. नगरपालिकाका नगर गौरव, नगरस्तरीय र वडास्तरीय पूर्वाधारका अधिकांश योजनाहरु सम्पन्न हुने अवस्थामा छन । बहुवर्षीय पूर्वाधार आयोजनाहरु कार्यान्वयनमा रहेका छन । आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, विपद तथा वातावरण व्यवस्थापन र सुशासन तथा संस्थागत विकासतर्फका समग्र विषयगत कार्यक्रमहरु कार्यान्वयन गरिएका छन ।

**सभाका सदस्यज्यूहरु**

६. **"अथाह सम्पदा र सम्भावनाले समृद्ध हाम्रो नगर, राम्रो नगर"** । यिनै सम्भावना र परिकल्पनालाई उच्च प्राथमिकता दिने गरी नीति, तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका मुख्य आधारहरु**

७. नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धताहरु, दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने राष्ट्रिय लक्ष्य, पन्ध्रौं राष्ट्रिय योजना र नगरपालिकाको बृहत योजना हाम्रा मुख्य मार्गदर्शक आधार रहेका छन् ।

८. **"सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेशी, साँस्कृतिक नगर"** को नारा सहित विकास र समृद्धिको परिकल्पनालाई साकार पार्न नगरपालिकाको बृहत नगर विकास योजनाका आधारमा समेत नीति तथा कार्यक्रम अगाडि सारिएको छ ।

९. सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा छलफल पश्चात् बस्तीस्तर, वडास्तर, विषयगत समिति, बजेट तर्जुमा समिति हुँदै आउने योजनाहरुलाई दीर्घकालीन लक्ष्य, उद्देश्यसँग तादाम्यता मिलाइ प्राथमिकताक्रम निर्धारण गरिएको छ । नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा नागरिकको सहभागितालाई प्राथमिकतामा राखिएको छ ।

१०. विगतका नगरसभाबाट पारित नीति तथा कार्यक्रम, नगरवासीहरुबाट प्राप्त अमुल्य सुझाव, बर्तमान जनप्रतिनिधि, राजनीतिक दलहरु, नगरपालिकाका पूर्व जनप्रतिनिधिहरु, नागरिक समाज तथा सञ्चारकर्मीहरुबाट प्रत्यक्ष परोक्षरुपमा प्राप्त सुझावहरुलाई महत्वका साथ ग्रहण गरिएको छ ।

११. कार्यक्रम तयारी र बजेट विनियोजन गर्दा बहुवर्षीय योजना तथा चालु आर्थिक वर्षका अधुरा आयोजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिइने छ । सह-लगानीलाई विशेष प्राथमिकतामा राखिने छ ।

१२. स्थानीय साधन श्रोत र सीप प्रयोग हुने एवम् तत्काल रोजगारी सिर्जना गर्ने आयोजनाहरु छनौट गरिनेछ ।

१३. स-साना नगरस्तरीय र वडास्तरीय योजनाको संख्या घटाउन निश्चित सिलिङ्ग र मापदण्ड निर्धारण गरिएको छ ।

१४. वालमैत्री, वातावरणमैत्री, लक्षितवर्ग मैत्री, स्थानीय शासन, दिगो विकास र विकासका साझा सवाललाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखिएको छ ।

१५. नगरपालिकाको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकमलाई यथार्थ विश्लेषण गरी समय सापेक्ष ढङ्गले नीति तथा कार्यक्रम तय गरिएको छ । यस पटक देखि घाटा बजेट राखी योजना तर्जुमा गर्ने पद्धतिलाई निरुत्साहन गरिएको छ ।

१६. साधन र स्रोतको निक्षेपण गरी स्थानीय विकासलाई प्रभावकारी बनाउन आ.व. २०७८/०७९ मा प्रदान गरिएको वडास्तरको बजेटलाई दोब्बर भन्दा बढी हुने गरी बिनियोजन गरिने छ ।

**सभाका सदस्य ज्यूहरु**

अव म विषयगत/क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु :

## क. सुशासन तथा संस्थागत विकास

१७. सर्वप्रथम नगरपालिकाको कार्य प्रक्रियामा सुशासनको अनुभूति दिलाउन र सेवाग्राहीहरुको सुविधाको लागि हामी सचेत छौं र सेवा प्रवाहलाई सहज र सरल बनाउने छौं ।

१८. तत्काल अपाङ्गता मैत्री हेल्पडेस्क सहितको सूचना केन्द्र मार्फत जनतालाई प्रभावकारी सेवा प्रवाहको लागि आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ । नागरिकबाट प्राप्त गुनासोको तत्काल सुनुवाइ गरिनेछ ।

१९. भ्रष्ट्राचारमा शुन्य सहनशीलता हाम्रो प्रमुख प्राथमिकतामा रहनेछ ।

२०. विधिको परिपालना, जवाफदेहिता, कार्यसम्पादनमा प्रभावकारिता सहितको सार्वजनिक सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

२१. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२२. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन र कार्य वातावरण निर्माण गर्न प्रशासनिक भवनको पुन:संरचनाको व्यवस्था मिलाइने छ ।

२३. तानसेन नगरपालिकाका सबै वडामा सुविधा सम्पन्न अपाङ्गतामैत्री कार्यालय भवन र आवश्यक फर्निचर तथा यन्त्र उपकरणको व्यवस्था मिलाइने छ । चालु आ.व.मा यस नगरपालिकाको वडा नं. १ र ११ मा शिलान्यास गरिएको कार्यालय भवनलाई सिघ्र सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

२४. तानसेन नगरपालिकाको नक्सा शाखाबाट प्रदान गरिने सेवालाई चुस्त, दुरुस्त र सेवाग्राहीमैत्री बनाउन अनलाईन सेवा प्रवाहको व्यवस्था गरिने छ ।

२५. बृहत विद्युतीय सुशासनको अवधारणामा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा रहेका पुराना अभिलेख तथा दस्तावेजहरुलाई विद्युतिय अभिलेखमा रुपान्तरण गरी पालिकाका कार्यहरु लेस पेपर युक्त बनाइने छ ।

२६. नगरका ग्रामीण वडाहरुमा आधारभूत सेवाको स्तरीकरणका लागि सुधारका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२७. नगरको विकास र समृद्धिको लागि ठूला प्रकृतिका आयोजनाहरुको लागि रकम विनियोजन र कार्यान्वयनमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय सहकार्य गरी थप स्रोत साधनको व्यवस्था मिलाइनेछ ।

२८. स्थानीय तहको संस्थागत क्षमता स्व:मूल्यांकन कार्य (लिजा) लाई प्रभावकारी रुपमा अबलम्बन गरिने छ । उच्चतम नतिजा प्राप्त गर्न कमजोर क्षेत्रहरु पहिचान गरी समयमै सुधार गरिने छ ।

२९. नगरपालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ । यसको लागि नगरपालिकाद्वारा तयार गरिएको क्षमता विकास योजनालाई कार्यान्वयनमा ल्याइने छ । यस कार्यमा साझेदार संस्थाहरुबाट विज्ञसेवा व्यवस्थापन गरिने छ ।

३०. नगरपालिकाका प्रशासनिक, प्राविधिक, स्वास्थ्य, शिक्षा, नगर प्रहरी, सरसफाईकर्मी लगायतका सेवामा कार्यरत कर्मचारीहरुको बृत्ति विकास मार्फत मनोबल बढाई नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ । बृत्ती विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३१. नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्यसम्पादन सम्झौता गरी परिणाममुखी नतिजा हासिल गर्न तथा नतिजाको आधारमा कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन सहित दण्ड र पुरस्कारको पद्धति अवलम्बन गरिने छ।

३२. जनतालाई सिघ्र सेवा प्रदान गर्न र अधिकारको विकेन्द्रिकरणको लागि महाशाखागत संरचनालाई कार्यान्वयनमा ल्याइने छ।

३३. नगरपालिकाको वित्तीय व्यवस्थापनमा सुधार ल्याउन शुन्य बेरुजुको अवधारणा अनुसार बेरुजु फर्स्यौट कार्यलाई प्रभावकारी बनाइनेछ। सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ।

३४. संचार क्षेत्र साझेदारी तथा संस्थागत विकास, पत्रकार साक्षात्कार कार्यक्रमलाई निरन्तरता दिँदै कार्यसम्पादनमा आधारित स्थानीय संचारगृह र पत्रकारिता क्षेत्र सवलीकरण कार्यमा सहयोग पुर्‍याइनेछ।

३५. खरिद प्रक्रियालाई व्यवस्थित बनाउन खरिद योजना तयारी र कार्यान्वयनलाई अनिबार्य गरिने छ।

३६. वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका संस्थामा ई-हाजिरी तथा सिसि क्यामराको व्यवस्था मिलाई मुख्य सर्भरमा जडान गरिने छ।

३७. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनलाई प्राभावकारी रुपमा कार्यान्वयन गरिने छ।

३८. नगरको सांस्कृतिक पहिचान झल्किने गरी नगरपालिकाको आफ्नै लोगो बनाइने छ।

३९. नगरपालिकामा सबैभन्दा उत्कृष्ट कार्य गर्ने वडालाई आगामी नगरसभामा पुरस्कृत गरिने छ।

४०. द एशिया फाउण्डेशन, इपीआइ नेपाल लगायतका साझेदारहरुसँगको सहकार्यलाई थप प्रभावकारी बनाई सुशासन तथा संस्थागत विकासको क्षेत्रमा प्रभावकारिता ल्याईने छ।

## ख. आर्थिक विकास

४१. आर्थिक तथा सामाजिक समृद्धिका लागि सिद्धार्थ लोकमार्ग अन्तर्गत बेलहियादेखि पोखरासम्मका पालिकाहरु समावेश भएको "सिद्धार्थ आर्थिक कोरिडोर" मार्फत् नेपाल सरकार, प्रदेश सरकार, सम्बद्ध स्थानीय तह र बहुपक्षीय साझेदारहरुसँग सहकार्य गरिनेछ।

४२. पाल्पालाई ढाका राजधानी घोषणा गरिएको सन्दर्भमा नेपाल सरकार, प्रदेश सरकार र ढाका संघ पाल्पाको सहकार्यमा ढाका मेला आयोजना गरिने छ। मखनटोल क्षेत्रका बजारका घरहरुको अग्रभाग सजावट गरी ढाकामय बनाउन सहकार्य गरिने छ। पाल्पाली करुवाको विकास र प्रवर्द्धन गरिने छ।

४३. तानसेन नगरपालिका वडा नं.१३ का बोटे/माझी बस्तीका बासिन्दाहरुलाई युगानुसार जीवनयापनको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४४. परम्परागत सीप र पेशा भएका व्यक्ति तथा समुदायको क्षमता अभिबृद्धि मार्फत व्यवसायिक बनाइ सीप हस्तान्तरण गरिने छ।

४५. ग्रामीण उत्पादनको बजारीकरणको लागि अन्तरपालिकासँगको समन्वय र सहकार्यमा पायक पर्ने क्षेत्रमा हाटबजार सञ्चालन गरिनेछ। यसका लागि पाल्पा उद्योग वाणिज्य संघ र पाल्पा व्यापार संघ लगायतका निजी क्षेत्र तथा प्रदेश सरकार र साझेदार संस्थाहरुसँग सहकार्य गरिनेछ। प्रभास क्षेत्रको हाट बजारलाई नियमित गरिने छ।

## ख.१ राजश्व अभिबृद्धि

४६. आन्तरिक राजश्व अभिबृद्धिको लागि राजश्वका दरहरु आगामी आ.व. पनि यथावत राखी राजश्वका दायरा बृद्धि गरिने छ । राजश्व अभिबृद्धि योजनालाई प्रभावकारिताका साथ कार्यान्वयन गरिने छ ।

४७. सम्पूर्ण वडाहरुमा अभियानकै रुपमा करदाता शिक्षा सञ्चालन गरिने छ ।

४८. **“राजश्व योगदानको आधारमा बजेट बृद्धि”** भन्ने नाराका साथ बढि राजश्व संकलन गर्ने वडाहरुलाई थप बजेट प्रदान गर्ने परिपाटीको थालनी गरिने छ । प्राकृतिक श्रोत उपलब्ध हुने प्रभावित क्षेत्रको विकासको लागि समेत थप स्रोतको व्यवस्था गरिने छ ।

४९. नागरिकको सुविधाको लागि वडास्तरबाट राजश्व तिर्ने कार्य थालनी गरिएकोमा यसलाई थप सहज र व्यवस्थित बनाइने छ ।

५०. करदाताहरुको सहजता र समयमा राजश्व प्राप्त गर्न ई-भुक्तानीको व्यवस्था मिलाइने छ ।

## ख.२ पर्यटन तथा संस्कृति

५१. तानसेन नगरपालिकालाई सांस्कृतिक नगरको रुपमा विकास गरी आकर्षक केन्द्र बनाइने छ । नगरपालिका भित्र प्राचीन शैलीबाट बनेका घरहरु, पाटीपौवाको संरक्षण गरिने छ । घरहरुको अग्रभाग प्राचिन शैली अनुसार बनाउने व्यवस्था पाइलटिङ्गको रुपमा केही वडाहरुबाट थालनी गरिने छ ।

५२. नगरकै गौरवको रुपमा रहेको **“विग बुद्ध आयोजना”** को निर्माण कार्य थालनी गरिने छ । यस कार्यमा नेपाल सरकार, प्रदेश सरकार तथा चीनको सिचुवान प्रान्त स्थित लसान नगरपालिका र लुम्विनी गार्डेन फाउण्डेशन स्पेनसँग पनि सहकार्य गरिने छ । पर्यटन एवं सांस्कृतिक विकासमा एसिया प्यासिफिक अन्तर्राष्ट्रिय पर्यटन संगठन (TPO) सँग सहकार्य गरिने छ ।

५३. नगरपालिकाको धार्मिक, ऐतिहासिक र पुरातात्विक अमरनारायण मन्दिरको तत्काल जिर्णोद्धार गर्न सम्बन्धित निकायसँग समन्वय गरिने छ । अमरनारायण फूलबारी क्षेत्रको बृहत योजना तयार गरी कार्यान्वयन गरिने छ ।

५४. हाम्रा मौलिक पहिचान, सामाजिक सदभाव र संस्कृति संरक्षणका विशेष अभियान सञ्चालन गरिने छ । यसको लागि तानसेन नगरपालिका भित्रका विविध जात जाति, भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनका लागि बृहत सांस्कृतिक अध्ययन तथा अनुसन्धान गरिने छ ।

५५. नगरको ऐतिहासिक संस्कृति र परम्पराको प्रवर्द्धन गर्न तानसेनमा सञ्चालन गरिने जात्रा तथा पर्वहरुलाई आगामी बर्ष मेलाकै रुपमा मनाउने र त्यसलाई निरन्तरता दिने विशेष व्यवस्था गरिने छ । कृष्ण जन्माष्टमी, प्रभास मेला, योमरी पुन्ही, माण्डव्य रथयात्रा, मगर दिवस, नयाँ वर्षलाई समेत स्थान विशेषगत सोही रुपमा व्यस्थापन गरिने छ ।

५६. परापूर्व कालदेखि ऋषि केशव क्षेत्रमा बर्षेनी लाग्ने रिडी माघे सक्रान्ति मेलालाई तीन दिनसम्मै भव्यताका साथ मनाउने व्यवस्था मिलाइने छ । हरिवोधनी एकादशीको अवसरमा ऋषिकेशव रथयात्रा सोहीरुपमा व्यवस्थापन गरिने छ ।

५७. ऐतिहासिक, पुरातात्विक र धार्मिक पर्यटकीय महत्वको रानीमहलको संरक्षण र सम्वर्द्धन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुको गन्तव्य स्थलको रुपमा विकास गरिने छ ।

५८. धार्मिक एवं ऐतिहासिक महत्व रहेको तानसेन भगवती मन्दिरको बृहत मर्मत संभार गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, गुठी संस्थानसँग समन्वय गरिने छ ।

५९. नगरपालिका र निजी क्षेत्रको सहकार्य तथा नेपाल सरकार र प्रदेश सरकारको समेत साझेदारीमा कृषि पर्यटन, पर्यापर्यटन, स्वास्थ्य पर्यटन, शैक्षिक पर्यटन, खेल तथा साहसिक पर्यटन लगायत पर्यटन विकासका गतिविधिलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

६०. नगर क्षेत्रका मठ मन्दिर, मदरसा, गुम्वा, विहार, चैत्य, चर्च, मस्जिद संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६१. बृहत श्रीनगर अवधारणाका आधारमा श्रीनगरको विकास र प्रवर्द्धन गरिने छ ।

६२. तानसेन नगरपालिका वडा नं. ७ मा पर्ने वंशगोपाल पार्कलाई फन पार्कको रुपमा विकास गरिने छ । वडा कार्यालयको अगुवाइमा एक वडा एक पार्क निर्माणमा सरोकारवालाहरुसँग सहकार्य गरिने छ ।

६३. नगरपालिकाको वडा नं. १२ बौघापोखराथोकको जर्नेटा टुँडिखेलसँग जोडिएको कुहिरे भीरलाई पर्यकटीय गन्तव्य (दृष्यावलोकन क्षेत्र) को रुपमा विकास गरिने छ । वडा नं. १२ र १३ को अवलमा रहेको सिद्धगुफा क्षेत्रलाई पर्यटन गन्तव्य स्थलको रुपमा अगाडि बढाइने छ ।

६४. नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक एवं पर्यटकीय स्थान : गुफाचौर, ऋषिकेश, सूर्यकुण्ड, अगारेकुण्ड, कोकलदेवी, लिपिन्देवी, चेचीकोट लगायका महत्वपूर्ण सम्पदाको गुरुयोजना निर्माण गरिने छ ।

६५. तेल्घा गुफाचौर क्षेत्रलाई धार्मिक सांस्कृतिक पर्यापर्यटनको रुपमा विकास गरिनेछ ।

६६. ऐतिहासिक पाल्पा दरबार संग्राहलय, मुलढोका, गोलघर क्षेत्रको विकासको लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिने छ । अर्गली दरबारको थप अध्ययन अनुसन्धानको प्रक्रिया थालनी गरिने छ ।

६७. तानसेन नगरपालिकाको उपयुक्त स्थानमा पाल्पाली ढाका टोपीको प्रतिक निर्माण गरिने छ ।

**ख.३ कृषि विकास तथा पशु सेवा**

६८. "कृषकका घरमा कृषि प्रविधि र प्राविधिक" अभियान सञ्चालन गरिने छ ।

६९. आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, उत्पादकत्व र उत्पादन वृद्धि जस्ता राष्ट्रिय अभियान सफल पार्न नगरपालिकाको कृषि तथा पशु विकास कार्यक्रमलाई प्रभावकारीताका साथ कार्यान्वयन गरिने छ ।

७०. कृषिमा रुपान्तरणकारी उत्पादनमा आधारित अनुदान कार्यक्रम सहकारी मार्फत लागू गरिने छ । उत्पादन बृद्धी गर्न लागत साझेदारीमा यान्त्रिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

७१. मासुमा आत्मनिर्भर बनाउने उद्देश्यले एकल वा समूह बनाई कम्तिमा १०० बाख्रा, २५ पाडा, ५० बंगुर पालक कृषकलाई अनुदान साझेदारीको व्यवस्था गरिने छ ।

७२. दूग्ध उत्पादन बृद्धि गर्न गाई र भैसीपालक व्यवसायिक समूह वा किसानलाई उत्पादनको आधारमा प्रति लिटर दूधमा सहकारी मार्फत अनुदान दिने व्यवस्था मिलाइने छ । यसबाट उपभोक्तालाई सहुलियतको व्यवस्था गरिने छ ।

७३. कृषि विमा तर्फ पशु वीमा मात्र कार्यान्वयनमा रहेकोमा विज्ञको परामर्श अनुसार वाली विमा गर्ने कार्यलाई कार्यान्वयनमा ल्याई किसानलाई प्रत्यक्ष सहयोग पुर्‍याइने छ ।

७४. कृषिको व्यवसायीकरणको माध्यमबाट रोजगारी सिर्जना गरी कृषि व्यवसायमा यूवाहरुलाई आकर्षण गर्न संघीय सरकार र प्रदेश सरकार समेतको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

७५. कृषि उपज नष्ट गर्ने जंगली जनावरको रोकथाम र नियन्त्रण गर्नको लागि सम्भावनाको खोजी गरिने छ ।

७६. किसानलाई बिऊ, मल, प्रविधि, उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा प्रत्यक्ष सहयोग पुऱ्याउन नगरपालिकाको कृषि एप्स प्रयोगमा ल्याइनेछ ।

७७. कृषि तथा पशुजन्य उत्पादनको बजार व्यवस्थापनमा विशेष पहल गरिने छ । कृषि उपज र पशुजन्य उत्पादनको बजारीकरणको लागि संकलन केन्द्र, चिस्यान केन्द्र निर्माण मार्फत मूल्य श्रृखलालाई नियमन गरिने छ ।

७८. नेपाल सरकार र साझेदार संघ संस्थासँगको समन्वयमा कृषि सहकारी संस्था मार्फत कृषि एम्बुलेन्स सेवालाई कार्यान्वयनमा ल्याइने छ ।

७९. नगर क्षेत्र भित्र गुणस्तरीय मासुको आपूर्तिको लागि पशु बधशाला निर्माणको व्यवस्था गरिने छ ।

८०. रैथाने जातको बालीको संरक्षण र प्रवर्द्धनका साथै “एक वडा एक उत्पादन” कार्यक्रम सञ्चालन गरिने छ ।

८१. व्यवसायिक कृषकलाई तालिम तथा सुलभ कृषि ऋणको व्यवस्था मिलाइने छ ।

८२. तानसेन नगरपालिका वडा नं. ७ मा निर्माणाधीन शीतभण्डार पुर्वाधार निर्माण कार्यलाई पूर्णता दिन विशेष पहल गरिनेछ ।

८३. तानसेन नगरपालिका भित्र कृषि क्षेत्रको बृहत्तर विकास र प्रवर्द्धनको लागि एकिकृत कृषि व्यवस्थापन प्रणाली लागू गरिने छ ।

८४. उर्वर भूमि संरक्षण गर्नको लागि खेतियोग्य जमिनमा घरघडेरी निर्माण कार्यलाई निरुत्साहित गरिने छ । त्यस्ता घरघडेरीको खरिद विक्रीमा राजश्वको दर उच्च गरिनेछ ।

## ख.४ सहकारी नियमन र प्रवर्द्धन

८५. सहकारी अभियान मार्फत नगरवासीको आर्थिक तथा सामाजिक समृद्धिको लागि सहकारी संस्थाको नियमन, क्षमता विकास र प्रवर्द्धन गरिने छ । सहकारीमा रहेको  सीप, जनशक्ति र पुँजीलाई उत्पादनमूलक काममा लगाउन प्रोत्साहित गरिने छ ।

८६. तानसेन नगरपालिकाको सहकारी अभियानलाई प्रभावकारी बनाउन सहकारी संजाल र सहकारी संस्थाहरुको साझेदारीमा “नगरस्तरीय सहकारी बैंक” स्थापना गरी  सदस्यहरुलाई सुलभ कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

८७. सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (COPOMIS) को तालिम सञ्चालन गरी सम्पूर्ण सहकारीलाई आवद्ध गरिने छ ।

८८. नागरिकको वित्तीय पहुँच विस्तार, सामाजिक एवम् आर्थिक सशक्तिकरणको लागि सहकारी संघ संस्थाहरुलाई परिचालन गरिनेछ ।

८९. नगरपालिकाबाट गठित स्थानीय सहकारी सञ्जाललाई सक्षम र साधन स्रोतयुक्त बनाइनेछ ।

९०. हेफर नेपालसँगको वित्तीय साझेदारीमा युवाहरुको लागि सहकारी अभियान अगाडी बढाइने छ ।

**ख.५ युवा रोजगार तथा स्वरोजगार**

९१. **"मेयर उद्यम विकास कार्यक्रम"** मार्फत युवा रोजगार तथा स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिने छ। पाल्पाली ढाका र करुवाको उत्पादन, व्यवसायिकरण र बजारीकरण यसै कार्यक्रम मार्फत कार्यान्वयन गरिने छ।

९२. युवा रोजगार कार्यक्रमको दायरा विस्तार र समय सापेक्ष सुधार गरी आम युवाहरुमा पुऱ्याइने छ। **"एक सहकारी एक रोजगार तयारी"** को लागि सहकारी संस्थाहरुसँग समेत सहकार्य गरिने छ। लोप हुन लागेका पाल्पाली खुकुरी लगायतका स्थानीय उत्पादनको प्रवर्द्धन यसै कार्यक्रम मार्फत गरिने छ।

९३. यु.एन.डी.पी. र हेफर नेपालसँग समपुरक कोष मार्फत सम्झौता गरी सञ्चालन गरिएको परियोजनामा दातृ निकायबाट प्राप्त हुने लागत सहभागिताको अनुपातलाई विगतमा भन्दा अभिबृद्धि गर्न पहल गरिने छ। उक्त परियोजना भित्र सञ्चालन हुने कार्यक्रमहरु तर्जुमा गर्दा नगरपालिकामा सघनरुपमा छलफल गरी कार्यान्वयनको व्यवस्था मिलाइने छ।

९४. बैंक तथा वित्तीय संस्थाहरुसँगको समन्वयमा सुलभ कर्जा प्रवाहको व्यवस्था मिलाइने छ।

**ख.६ उद्योग**

९५. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक सहयोग र नगरपालिकाको प्राविधिक व्यवस्थापनमा शीघ्र "औद्योगिक ग्राम" निर्माण गरी साना तथा लघु उद्योग सञ्चालनलाई संस्थागत गरिने छ।

९६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत लाभग्राहीहरुलाई उत्पादनमूलक, सीपमूलक र रोजगारमुलक कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याइने छ।

**ग. सामाजिक विकास**

**ग.१ सामाजिक समावेशीकरण**

९७. हाल तानसेन नगर भित्र रहेका **ग बर्ग**को अपाङ्गता कार्ड प्राप्त गरेका व्यक्तिहरुलाई क्रमशः मासिक रु.५००।- भत्ता उपलव्ध गराइने छ।

९८. नेपाल विद्युत प्राविधकरणसँगको समन्वयमा २० युनिटसम्म विद्युत खपत गर्ने उपभोक्ताहरुले तिर्नुपर्ने रकम रु. ९० मध्ये नेपाल सरकारबाट प्राप्त हुने विद्युत अनुदान रु. ६० घटाई नगरवासीको बाँकी विद्युत महशुल नगरपालिकाबाट भुक्तानी गरिने छ। यसको लागि आवश्यक कार्यविधि बनाई लागू गरिने छ।

९९. पालिकामा जेष्ठ नागरिक सभा गठन गरी उहाहरुको अनुभवहरुलाई नगरको विकासमा प्रयोग गरिने छ।

१००. तानसेन नगरपालिका वडा नं. ९ मा रहेको जेष्ठ नागरिकको लागि निर्माण गरिएको न्यानो शीतलु घरमा दिवा सेवा केन्द्र सञ्चालन गरिने छ।

१०१. "खरको छानामुक्त नगर कार्यक्रम" मार्फत खरको छाना विस्थापन गर्न जस्तापाता सहयोग उपलव्ध गराइने छ। यस कार्यमा प्रदेश सरकारसँग समन्वय गरिने छ।

१०२. नगरपालिकाको न्यायिक समितिको कार्य सम्पादन प्रक्रियालाई सहज र प्रभावकारी बनाइनेछ। वडाहरुमा कार्यरत मेलमिलापकर्तालाई सवल र सक्षम बनाइनेछ।

१०३. नगरको सामाजिक पूँजीको रुपमा रहेका टोल विकास संस्था मार्फत सामाजिक परिचालन, सरसफाई, सचेतना र सशक्तिकरण, लघु उद्यम विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

१०४. नगरको विकासमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरस्कार र क्षमता विकासको व्यवस्था गरिने छ ।

१०५. जन्मथलो तानसेन र कर्मथलो बाहिर भएता पनि तानसेनलाई मायाँ गरी नगरको विकास निर्माणमा योगदान पुऱ्याउने, नगरको प्रतिष्ठा बढाउने कार्यमा संलग्न तानसेन गुठी काठमाण्डौं, पाल्पाली संगम काठमाण्डौं, पाल्पाली समाज पोखरा, फ्रेण्स् अफ तानसेन अमेरीका लगायतका संघ संस्था एवं सम्बन्धित पदाधिकारीहरु, समाजसेवी बुद्धिजिवीलाई सम्मान गरिने छ ।

१०६. विपन्न दलित समुदायको विकासको लागि शिक्षा, स्वास्थ्य र रोजगारिमा विशेष प्राथमिकता दिइने छ । उनिहरुको मौलिक सीपलाई व्यवसायीक बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

१०७. महिला समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विकास कार्यहरुमा लैङ्गिक उत्तरदायी बजेट अवलम्बन गरिनेछ । लैङ्गिक हिंसा विरुद्धको अभियानलाई प्रभावकारी बनाइने छ ।

१०८. आदिवासी जनजाति आयोगबाट सिफारिस भइ आएका नीति तथा कार्यक्रमको कार्यान्वयनको व्यवस्था मिलाईने छ ।

१०९. लैंगिक हिंसाको न्यूनीकरण, असहाय वर्गको संरक्षण, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न, दलित, आदिवासी, जनजाती, मुस्लिम, लोपोन्मुख, सिमान्तकृत समुदाय लगायत वञ्चितिकरणमा परेका सबै बर्गको हित र उत्थानका लागि सामाजिक सुरक्षा र संरक्षणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११०. सामाजिक सुरक्षा भत्तालाई पूर्ण बैंकिङ्ग प्रणालीमा लगिएकोमा जेष्ठ नागरिक मैत्री व्यवस्था मिलाईनेछ । पञ्जीकरण व्यवस्थापनलाई प्रभावकारी बनाउन सम्पूर्ण विवरणहरु डिजिटाइजेशन गरिनेछ ।

१११. रचनात्मक कामसँगै विपद व्यवस्थापन, समाज सशक्तिकरण र रुपान्तरण कार्यक्रम, खेलकूद लक्षित कार्यक्रम सञ्चालन गरी युवाहरूलाई समाज विकासका काममा परिचालन गरिनेछ ।

११२. लागु औषध लगायतका विकृतिबाट युवाहरुको जीवन बचाउन सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

११३. राष्ट्रिय भूमि आयोगको समन्वयमा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा प्रदान गर्न आवश्यक कार्य अगाडि बढाइनेछ ।

११४. जमिनमा महिला किसानको एकल वा संयुक्त स्वामित्व कायम गर्ने विषयलाई अभियानका रूपमा कार्यान्वयन गरिने छ । संयुक्त र एकल पुर्जा बनाउन प्रत्येक टोलमा छलफल आयोजना गरिनेछ ।

११५. नगरपालिकाको भूउपयोग योजना तर्जुमा गरी लागु गरिने छ । भूमिको वर्गीकरण गरिने छ । निजी र सरकारी कृषियोग्य भूमि बाँझो राखिने छैन । सरकारी, सार्वजनिक र उपयोगमा आउन बाँकी रहेका जमिन पहिचान गरी भूमिहीनलाई उपयोगका लागि पहिलो प्राथामितामा राखी आवश्यक प्रक्रिया थालनी गरिने छ ।

११६. खाद्य वस्तुको स्वच्छता एवम् गुणस्तर कायम गर्न प्रभावकारी आपूर्ति, गुणस्तर परीक्षण र सघन बजार अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ । बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता जागरण र सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस कार्यमा द एशिया फाउण्डेशन र उपभोक्ता हित संरक्षण मंचसँग समन्वय गरिने छ ।

११७. नगरवासी उपभोक्ताको हितको लागि सहकारी मार्फत बहुउद्देश्यीय सुपथ मूल्य पसल सञ्चालन र प्रवर्द्धन गरिने छ ।

### ग.२ स्वास्थ्य

११८. समुदायमा पछाडि परेका जाति वर्ग, अल्पसंख्यक र दलित समुदाय बोटे, कुमाल, सरसफाईकर्मी, नगर कर्मचारीको लागि सञ्चालन गरिएको स्वास्थ्य वीमा कार्यक्रमलाई थप विस्तार गरिने छ । ६० बर्ष नाघेका अविवाहित र एकल जीवन यापन गरेका कुनै सामाजिक सुरक्षा भत्ता नपाएका पुरुषलाई यस कार्यक्रममा संलग्न गरिनेछ ।

११९. “उपमेयरसँग सुत्केरी पोषण कार्यक्रम” मार्फत सुत्केरीहरुलाई पोषण सहयोग पुऱ्याइने छ ।

१२०. स्वास्थ्य चौकिको स्तरबृद्धि गरिने छ साथै अपायक स्थानमा रहेका स्वास्थ्य चौकीको विकल्पमा नयाँ स्वास्थ्य इकाईहरु थप गरिने छ ।

१२१. भवन नभएको स्वास्थ्य संस्थाको भवन निर्माण, भौतिक पुर्वाधार तथा फर्निसिङ्गको व्यवस्था गरिने छ ।

१२२. नगरबासीको स्वास्थ्यलाई ध्यानमा राखी ग्रामीण वडाहरुमा घुम्ति स्वास्थ्य शिविर सञ्चालन गरिने छ । घुम्ती रुपमा निःशुल्क अल्ट्रासाउण्ड सेवा समेत प्रदान गरिने छ । विगत देखि गर्दै आएको महिलाको मुखको क्यान्सर परीक्षणलाई निरन्तरता दिइने छ ।

१२३. अस्पतालको सेवाबाट बञ्चित हुने संभावना रहेका नगरवासीलाई वडा स्तरका स्वास्थ्य चौकीहरु मार्फत चिकित्सक सहितको सेवा प्रवाहको प्रयास गरिने छ ।

१२४. संभावित स्वास्थ्य महामारीमा नागरिकको उपचारलाई ध्यानमा राखी तानसेन नगरपालिकाबाट तत्काल पूर्वाधारयुक्त सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन गरिनेछ । यस केन्द्र मार्फत थप स्वास्थ्य सेवाहरु समेत प्रवाह गरिने छ ।

१२५. कुनै पनि सरकारी स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरि सेवा सञ्चालनको थालनी गरिने छ । महिला तथा वालवालिको लागि विशेष स्वास्थ्य सेवा प्रदान गर्न छुट्टै स्वास्थ्य संस्था स्थापनाको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गरिने छ ।

१२६. निःशुल्क वितरण गरिने औषधिको अभाव हुन नदिन आवश्यक बजेटको व्यवस्था गरिने छ ।

१२७. बर्थिङ्ग सेन्टरको लागि विद्युत व्याकअप र फ्रिजको व्यवस्था गरिने छ ।

१२८. खोप लगायत नियमित स्वास्थ्य सेवालाई प्रभावकारी बनाइने छ ।

१२९. तानसेन नगरपालिका भित्र सेवा गरिरहेका ६० बर्ष उमेर पुरा भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक रुपमा बिदाई गर्ने व्यवस्था मिलाइने छ ।

१३०. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अभिलेख र प्रतिवेदन प्रणालीलाई अनलाइन प्रक्रियामा ल्याउन इन्टरनेट, कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिने छ ।

### ग.३ शिक्षा तथा खेलकुद

१३१. नगर क्षेत्र भित्रका शिक्षण संस्थाहरुको भौतिक पूर्वाधार विकास तथा स्तरीय शैक्षिक वातावरण कायम गर्न ठूला आवाशीय विद्यालय (**वीग स्कुल अबधारणा**) सञ्चालनको नीतिगत कार्य अगाडी बढाइने छ ।

१३२. एक वडा एक सामुदायिक पुस्तकालय स्थापना गरिने छ । धवल पुस्तकालयलाई आवश्यक सहयोग गरिने छ ।

१३३. छोरी शिक्षा कार्यक्रमलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिने छ ।

१३४. तानसेन नगरपालिकाद्वारा निर्माण गरिएको स्थानीय पाठ्यक्रम कार्यान्वयनलाई सहज बनाउनका लागि सन्दर्भ/पाठ्यसामग्री विकास गरिने छ ।

१३५. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजनको कार्यलाई निरन्तरता दिंदै विद्यार्थी संख्या बढी भएका तथा शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदान उपलब्ध गराइने छ ।

१३६. आधारभूत तह उत्तीर्ण परीक्षा थप व्यवस्थितरुपमा सञ्चालन, प्रमाणीकरण तथा अभिलेख व्यवस्थापन गरिनेछ ।

१३७. प्रविधिमैत्री विद्यालय, कक्षाकोठा तथा शिक्षण सिकाइलाई प्रवर्द्धन गर्दै लगिनेछ ।

१३८. सरोकारवालाहरुको क्षमता विकास तथा कार्यसम्पादनस्तर सुधारको लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१३९. विद्यालयहरुको समग्र कार्यसम्पादनस्तरमा सुधार ल्याउनको लागि सघन रुपमा विद्यालय अनुगमन गरिनेछ ।

१४०. नगर क्षेत्रका आवश्यक स्थानमा वाल सिकाई केन्द्र स्थापना तथा सञ्चालन गरिने छ ।

१४१. विद्यालय कर्मचारी, वालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाई नगरपालिकातर्फबाट थप गरिएको तलब अनुदानलाई निरन्तरता दिइने छ ।

१४२. नगरपालिकाभित्र सञ्चालित सामुदायिक क्याम्पसहरुलाई गुणस्तर अभिवृद्धिका निमित्त सहयोग पुऱ्याइने छ ।

१४३. विद्यार्थीहरुको सर्वपक्षीय विकासका लागि नगरपालिका स्तरीय प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुका साथै खेलकुद कार्यकम सञ्चालन गरिने छ ।

१४४. तानसेन नगरपालिका भित्र रहेका गोर्खेकोट, बाघखोर, दमकडा, त्रिभुवन बहुमुखी क्याम्पस ( बतासेडाँडा) लगायतका खेल मैदानहरुको निर्माण तथा स्तरबृद्धि गरिने छ ।

१४५. आगामी वर्ष विद्यालय स्तरीय र वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ । अपाङ्गता भएका व्यक्तिहरुको लागि समेत खेल प्रतियोगिताको आयोजना गरिने छ ।

१४६. एक वडा एक खेलमैदान निर्माण कार्यलाई कार्यान्वयनमा ल्याउन नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसँग समन्वय गरिने छ ।

१४७. युवा तथा खेलकुद क्षेत्रलाई महत्वका साथ कार्यक्रम र बजेटमा समावेश गरिने छ । शारीरिक तन्दुरुस्ती, मानसिक विकास, भातृत्व र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका लागि फुटवल, क्रिकेट, भलिवल, व्याडमिन्टन, तेक्वान्दो, कराँते लगायतका खेल प्रर्वद्धन गरिनेछ । ऐतिहासिक र साहसिक खेलकुदको विकास र विस्तार गरिने छ ।

**ग.४ सूचना तथा प्रविधि**

१४८. नगरपालिकाको सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई नगरको इ-प्रोफाइलबाट जारी गरिएको पारिवारिक लगत कार्ड क्रमशः वडाका सम्पूर्ण परिवारमा पुऱ्याइने छ ।

१४९. नेपाल सरकारले कार्यान्वयनमा ल्याएको नागरिक एप्समा नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा आवद्ध गरिनेछ ।

१५०. नगरपालिकाको समग्र शाखागत तथा वडागत कार्यहरुलाई प्रविधिमैत्री बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

१५१. नगरपालिकाका टोल वस्तीस्तरमा विद्युतीय सूचना केन्द्र स्थापना गरिने छ ।

१५२. विद्युतीय हस्ताक्षरलाई कार्यान्वयनमा ल्याइने छ ।

## घ. पूर्वाधार विकास

१५३. नगरपालिका भित्र हवाइ मैदान निर्माणको लागि उपयुक्त स्थानको छनौट गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ । यसमा संघीय सरकार, प्रदेश सरकारका अतिरिक्त अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिने छ ।

१५४. बुटवल तानसेन सडकको स्तरबृद्धिको लागि विशेष पहल गरिने छ ।

१५५. सार्बजनिक निजी साझेदारी अवधारणामा टुडिखेल-श्रीनगर र लिपिन्देबी-जङ्गीअड्डा रिसोर्ट जीपलाईन सम्भाव्यता अध्ययन गरिने छ ।

१५६. ग्रामीण क्षेत्र र शहरी क्षेत्रको सन्तुलित विकासको लागि योजना तथा कार्यक्रम तर्जूमा गरी साधन स्रोत र बजेट विनियोजन गरिने छ ।

१५७. नगरपालिकाको बृहत नगर विकास योजनालाई अध्यावधिक गरी दीर्घकालिन, आवधिक र वार्षिकरुपमा प्राथमिकता प्राप्त योजनाहरु कार्यान्वयन गरिने छ ।

१५८. नगरको आधारभुत सेवाहरु : सडक सुधार, खानेपानी, सरसफाई, विद्युत, संचार लगायतका शहरी पूर्वाधार सेवालाई प्रभावकारी बनाइने छ ।

१५९. काठको पोललाई स्टीलपोलबाट विस्थापन गर्ने नीतिलाई प्रभावकारिताका साथ लागू गरिने छ ।

१६०. नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम र अन्य केवल नेटवर्क सञ्चालन गर्ने संघ संस्थाहरुसँग समन्वय गरी बजार क्षेत्रको तार पोल हटाई नगरको सौन्दर्यता बढाइने छ । वडा देखि सदरमुकामसम्म पक्की सडक अभियान कार्यान्वयन गरिने छ ।

१६१. विश्व बैंकको सहयोगमा नेपाल सरकार मार्फत यस नगरपालिकामा सञ्चालन गरिएको शहरी शासकीय पूर्वाधार आयोजना मार्फत एक वडा एक कि.मी. पक्की सडक बहुबर्षिय आयोजना कार्यान्वयन गरिने छ ।

१६२. तानसेन नगरपालिकाको सडक गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ । सडक पूर्वाधार विकासका लागि नगर क्षेत्रका महत्वपूर्ण सडकहरुको स्तरबृद्धि गरिने छ ।

१६३. नगरपालिका भित्रका रणनीतिक सडक निर्माण एवं स्तरबृद्धिको लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

१६४. तानसेन नगरपालिका वडा नं. ५ को वनदेवीमा वातावरणमैत्री बसपार्क निर्माण गरिनेछ ।

१६५. नगरक्षेत्रमा पार्किङ्ग पूर्वाधार र ट्राफिक व्यवस्थापन प्रभावकारी बनाइनेछ ।

१६६. नगरवासीको सहज सेवाका लागि वडा नं. ७ मा यातायात व्यवस्था कार्यालय अन्तर्गत स्थापना गरिएको ट्रयाल सेन्टरलाई प्रभावकारी बनाइने छ ।

१६७. नगरपालिका र नेपाल सरकारको सहकार्यमा थालनी भएको शहरी शासकीय पूर्वाधार आयोजनाको प्रभावकारी कार्यान्वयन गरिने छ । ता.न.पा.वडा नं. ६, ७ र ९ मा एकिकृत बसोबास कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययनका साथै विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिने छ ।

१६८. नगरपालिकाबाट तयार गरिएको गुरुयोजनाको आधारमा टुडीखेल सुधार कार्यलाई आगामी आ.व.मा सम्पन्न गरिने छ । यसको संरक्षण र प्रभावकारी व्यवस्थापनको लागि स्थानीय संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।

१६९. तानसेन नगरपालिका वडा नं. ९ माडीको बुढुवा ढाप क्षेत्रको जग्गाको लगत लिई सार्वजनिक निजी साझेदारी (सानिसा) मोडलमा **माण्डव्य सरोवर आयोजना**लाई अगाडी बढाउन विस्तृत

परियोजना प्रतिवेदन (DPR) तयार गरिने छ । यस क्षेत्रलाई सिमसार क्षेत्रको रुपमा विकास गरिने छ ।

१७०. विशाल प्रभास ताल परिकल्पना कार्यान्वयन गर्न सम्वन्धित निजी क्षेत्रसँग सहकार्य गरिने छ । अर्गलीको कमल पोखरी, अवलको सिद्धापानी गुफा लगायतका क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन गरने छ ।

१७१. रानीघाट क्षेत्रमा उपयुक्त सबदाहस्थल निर्माण गरिने छ । यस कार्यमा सम्वन्धित क्षेत्रका संघ संस्थाहरुसँग साझेदारी गरिने छ ।

१७२. नगरका महत्वपूर्ण सडक, सार्वजनिक स्थल र सम्पदाहरुमा नवीकरणीय उर्जा कार्यक्रमबाट सोलार सेट जडान गरिने छ । भएका सोलार सेटको बृहत मर्मत सम्भार गरिने छ ।

१७३. प्रदेश सरकारको सहयोगमा चालु आ.व.मा यस कार्यालयमा सोलार विद्युतिकरण प्रणाली जडान गरिने छ ।

१७४. जनतामा विकास आयोजनाहरुको अपनत्व अभिबृद्धि गर्न "**सह-लगानीका आयोजनाहरु**"लाई प्रमुख प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

१७५. जनतालाई गुणस्तरीय सार्वजनिक सेवा प्रदान गर्न तथा पर्यटन प्रवर्द्धन गर्न हाइवे रिफ्रेस्मेण्ट सेन्टर आयोजना र रानीमहल सञ्चालन तथा व्यवस्थापन आयोजना सार्वजनिक निजी साझेदारी (सानिसा) मार्फत् कार्यान्वयन गर्न समझदारी पत्रमा हस्ताक्षर भईसकेकोले संझौता प्रक्रिया अगाडि बढाइनेछ । बृहत श्रीनगर सौन्दर्यीकरण आयोजना पुनः प्रक्रियामा लगिएकोमा थप सम्भाव्य आयोजनाहरु समेत सानिसा मार्फत् अगाडि बढाइनेछ । फोहरमैला व्यवस्थापन आयोजनाको लागि पूर्वाधार विकास गरिने छ ।

१७६. नगर क्षेत्र भित्रका खुला स्थानहरुमा वाटर फाउन्टेन, झरना, बगैचा, नर्सरी, साना जातका बृक्षारोपण, तालतलैया र सिमसार क्षेत्रको संरक्षण व्यवस्थापन, स्थानीय पहिचान दिने कलाकृति निर्माण, प्रवर्द्धन, विश्राम स्थल निर्माण, सञ्चालन र व्यवस्थापनमा सानिसा अवधारणामा टोल विकास संस्थाहरु, स्थानीय क्लव, निजी क्षेत्र र स्थानीय संघ संस्थाहरुको समन्वय र साझेदारीमा कार्यान्वयन गरिनेछ ।

१७७. तानसेन नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विभिन्न निर्माण आयोजनाको गुणस्तर नियन्त्रणको लागि ल्याव र ल्याव टेक्निसियनको व्यवस्था मिलाइने छ ।

१७८. पूर्वाधार योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि प्राबिधिकहरुलाई वडास्तरमै परिचालन गरिने छ ।

१७९. उपभोक्ता समितिद्वारा सञ्चालन गरिने आयोजनाको गुणस्तर कायम गर्नको लागि आयोजनामा परिचालित हुने सिकर्मी, डकर्मीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक तालिमको व्यवस्था गरिने छ ।

## ङ. खानेपानी सरसफाई, वातावरण र विपद व्यवस्थापन

### ङ.१ खानेपानी तथा सरसफाई

१८०. समुदायस्तरबाट संचालित लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने विद्युत महसुलमा नगरपालिकाले २५ प्रतिशत अनुदान दिने व्यवस्था मिलाइने छ । यसको लागि आवश्यक कार्यविधि बनाई लागू गरिने छ ।

१८१. नगरपालिकाका सम्पूर्ण वडाहरुमा खानेपानी तथा आधारभुत सरसफाइको उचित प्रबन्ध गरिने छ । तानसेनको बजार क्षेत्रमा खानेपानीको थप आपूर्तिका लागि सम्बन्धित उपभोक्ता समितिहरुसँग साझेदारी गरिने छ ।

१८२. तानसेन र नगरपालिका क्षेत्र भित्रका खानेपानी सञ्चालन तथा वितरण प्रणालीलाई प्रभावकारी बनाउन जलश्रोत ऐन तथा कार्यविधि मार्फत नियमन गरिने छ ।

१८३. सोलार प्रविधिबाट लिफ्ट खानेपानी सञ्चालन गर्नको लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

१८४. तानसेन नगरपालिकाको प्रस्तावित नयाँ बसपार्कको पश्चिम क्षेत्रमा फोहरबाट उर्जा परियोजना तथा मल बनाउने कार्य आगामी बर्षबाट थालनी गरिने छ । यसै आयोजना मार्फत फोहर व्यवस्थापन गरी सरसफाई क्षेत्रमा परिवर्तन ल्याइने छ । फोहर बर्गिकरण पश्चात पुनः उपयोग हुने बस्तुको विक्री मार्फत आन्तरिक स्रोत प्रवर्द्धन गरिने छ ।

१८५. नगरपालिकाबाट टोल विकास संस्थाको क्षेत्र भित्र आफ्नो घर र टोल आफै सफा राखौं" **सफा टोल सफा शहर, ग्रीन तानसेन, क्लिन तानसेन** भन्ने सफा तानसेन अभियान सञ्चालन गरिने छ ।

१८६. सफा तानसेन अभियानमा बजार भित्रको वातावरण सफा अभियानमा टोल विकास संस्था, सामाजिक संस्था युवा क्ल्बहरु लागयत स्थानीय संघ संस्थाहरु परिचालन गरिने छ ।

१८७. बसपार्क क्षेत्र र अन्य आवश्यक स्थानमा नयाँ प्रविधिमा आधारित सार्वजनिक शौचालय/घुम्ती शौचालयको व्यवस्था गरिने छ । वडास्तरमा पनि सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन अभियानलाई प्रभावकारी बनाइने छ । यसको स्थायी सञ्चालनको लागि टोल विकास संस्था, स्थानीय क्लव वा निजी क्षेत्रसँगको साझेदारीलाई प्राथमिकतामा राखिने छ ।

१८८. तानसेन नगरपालिका पूर्ण सरसफाइ नगर घोषित भैसकेकोमा हाल निजी शौचालय नभएका करिव ११५ घरधुरीमा शौचालय निर्माणका लागि उनिहरुको लागत सहभागितामा प्रोत्साहन अनुदान उपलव्ध गराइनेछ ।

१८९. नगर क्षेत्रमा घर निर्माण गर्दा सेफ्टी ट्यांकी निर्मार्णलाई अनिवार्य गरिदै लगिएकोमा निजी क्षेत्रको समन्वयमा सक्सन मेशिनको व्यवस्था मिलाइने छ ।

१९०. नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा नगर क्षेत्रमा रहेको खुल्ला ढल प्रणालीलाई व्यवस्थित गरिने छ । छाडा चौपाया नियन्त्रणलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

### ङ.२ वन, वातावरण तथा विपद व्यवस्थापन

१९१. तानसेन नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुसँगको सहकार्यमा सामुदायिक वन भित्र आयमूलक वृक्षारोपण गर्ने कार्यक्रमलाई अगाडि बढाइ सोबाट आर्जित रकम सोही समुदायको आर्थिक उत्थानको निमित्त खर्च गर्ने व्यवस्था मिलाइने छ ।

१९२. कृषि वन कार्यक्रम तर्फ ओखर, दालचिनी लगायत विभिन्न प्रजातिको विरुवा रोपणको कार्यक्रमलाई निरन्तरता दिइनेछ । हरियाली प्रवर्द्धन र गैर काष्ठ वन पैदावार कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१९३. बजार क्षेत्र तथा सम्पूर्ण वडाहरुमा हरियाली पार्क निर्माण अभियान थालनी गरिने छ । विद्यमान पार्कहरुको उचित व्यवस्थापन गरिने छ ।

१९४. प्राकृतिक विपद् र महामारी रोकथाम तथा न्यूनीकरणका लागि पूर्व तयारी, प्रतिकार्य र पुनरोत्थानका कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसको लागि सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

१९५. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद जोखिम नक्शांकन प्रतिवेदन तयार गरी कार्यान्वयन गरिने छ ।

१९६. नगरपालिकाको वारुण यन्त्रको प्रभावकारी व्यवस्थापन तथा सम्वन्धित जनशक्तिको क्षमता विकास गरी परिचालन गरिने छ । दिगो रुपमा सञ्चालन गर्न छिमेकी पालिकाहरुसँग समेत सहकार्य गरिने छ । विपद व्यवस्थापन लगायतका कार्यहरुमा नगर प्रहरी परिचालन गरिने छ ।

१९७. समुदायलाई जलवायु परिवर्तनको असर न्यूनिकरण र पुनर्स्थापनाको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

१९८. विपद व्यवस्थापनमा आवश्यक यन्त्र उपकरणको व्यवस्थापन गरी द्रुत उद्दारको व्यवस्था मिलाइने छ । वडास्तरीय विपद व्यवस्थापन समिति गठन गरी कार्यान्वयनमा ल्याइने छ ।

१९९. योजना कार्यान्वयन प्रक्रियालाई प्रभावकारी बनाउन र वडास्तरीय समितिलाई थप जिम्मेवारी प्रदान गर्न आगामी आ.व.देखि पाँच लाख मुनिका योजनाहरु वडास्तरीय अनुगमन समितिबाट अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।

**नगरसभा सदस्य ज्यूहरु,**

२००. माथि उल्लिखित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सघाउ पुग्ने गरी संघ तथा प्रदेश सरकारबाट नगरपालिकालाई प्राप्त हुने समानीकरण तथा सशर्त अनुदान, राजश्व बाँडफाँड, आन्तरिक श्रोतको रकमबाट नगरबासीको अपेक्षा अनुरुप कार्यक्रम तथा बजेट सहितको आर्थिक विधेयक र विनियोजन विधेयक यसै नगरसभाको दोस्रो बैठक समक्ष पेश गरिने व्यहोरा नगरसभाका सदस्य ज्यूहरुमा जानकारी गराउन चाहन्छु ।

२०१. अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमले आम नगरबासीको समस्या, माग र आवश्यकतालाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिएको छु । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधिहरु, सरकारी निकाय, सहकारी क्षेत्र, सामाजिक संघ संस्था, विकास साझेदार, निजी क्षेत्र, समस्त सञ्चार जगत तथा नागरिक समाज, सल्लाहकार, राष्ट्रसेवक र सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

**सन्तोषलाल श्रेष्ठ**
**नगर प्रमुख**
**(एघारौं नगरसभा अध्यक्ष)**
**तानसेन नगरपालिका, पाल्पा**